# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालद्वारा ज्योति विकास बैंक लि., न्युरोड शाखा उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले ज्योति विकास बैंक लिमिटेडको न्युरोड शाखाको आज उद्घाटन गर्नुभयो ।




सो शाखा उद्घाटनका क्रममा अत्यन्त छोटो र सारपूर्ण मन्तव्य दिँदै गभर्नर डा. चिरञ्जीवी नेपालले बैंकहरुको शाखा तथा सञ्जाल वृद्धि हुनुलाई अर्थतन्त्र सुधार हुँदै गएको संकेतका रुपमा लिएको बताउनु भयो । उहाँले न्युरोड जस्तो व्यापारिक मुटुमा शाखा विस्तार गरेकोमा ज्योति विकास बैंक लिमिटेडलाई सफल वित्तीय कारोवारका लागि शुभकामना दिनुभयो ।

गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरु पारदर्शी तरिकाले सुशासनमा चलेमा समस्याहरु नआउने कुरा पनि उक्त अवसरमा उल्लेख गर्नुभयो । संस्थाहरु समस्याग्रस्त हुँदै नहुन् र नेपाल राष्ट्र बैंकले हस्तक्षेप गर्नुपर्ने अवस्था आउँदै नआओस् भन्ने आकांक्षा राख्दै उहाँले विभिन्न कारणबस देखिएका समस्याहरु निराकरण गर्दै अघि बढेमा संस्थाहरुको विश्वसनीयता कायम रहने तथ्यमा जोड दिनुभयो ।

संस्थाप्रति जनताको विश्वास नरहेमा दीगो समयसम्म संस्थाहरु टिक्न नसक्ने धारणा गभर्नर डा. नेपालले राख्नुभयो । जनविश्वास बढाउनका लागि बैंक तथा वित्तीय संस्थाहरुले विशेष ध्यान दिनुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा ज्योति विकास बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृतले बैंकका गतिविधिहरु बारे संक्षिप्त प्रकाश पार्नु भयो । बैकका अध्यक्षले न्युरोड शाखा सो बैंकको २४औं शाखा रहेको र आजैदेखि नयाँ बानेश्वर र बालाजुमा पनि शाखा कार्यालयहरु सञ्चालनमा आउने जानकारी गराउनु भयो ।

२०७१ चैत १३, शुक्रबार

गभर्नरको कार्यालय